# प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हरिहरभवन, ललितपुर

## प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र आत्मनिर्भरता हासिल गर्ने हेतुले प्रदेश तथा स्थानीय तहहरुमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरुको कर्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र अपेक्षित प्रतिफल उन्मुख बनाउन वान्छनीय भएकाले नेपाल सरकार, विनियोजन ऐन २०७९ को दफा ९ को उपदफा २ बमोजिम नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशस्थित पशुपन्छी विकास क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(घ) "समूह वा समिति" भन्नाले स्थानीय तहमा वा कानून बमोजिम दर्ता/सूचिकृत भएका पशुपालक कृषक समूह/समिति सम्झनुपर्छ।

(ङ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनुपर्छ।

(च) "साझेदारी/लागत साझेदारी/सहकार्य" भन्नाले कार्यक्रम संचालनार्थ गरिने द्विपक्षीय सम्झौता पत्रमा उल्लेखित दोस्रो पक्ष (अनुदानग्राही) को वित्तीय दायित्वलाई जनाउँछ ।

(छ) "अनुदानग्राही/लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सशर्त कार्यक्रम सञ्चालनका लागि छनौट भएका कृषक समूह/समिति/सहकारी, संघ/संस्था/कम्पनी, निजी, उद्यमी/व्यवसायीहरुलाई सम्झनुपर्छ।

(ज) "सशर्त कार्यक्रम" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश तथा स्थानीय तहहरुमा विनियोजित पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमहरुलाई सम्झनुपर्छ ।

(झ) "सम्बन्धित कार्यालय" भन्नाले प्रदेश, जिल्ला वा स्थानीय तहका पशुपन्छी तथा मत्स्य विकास क्षेत्र हेर्ने कार्यालय सम्झनुपर्छ।

(ञ) "पशुपन्छीजन्य उत्पादन" भन्नाले दूध, फुल, माछामासु, ऊन, पश्मिना, हाड, छाला र यिनीहरुबाट बनेका वस्तुहरुलाई समेत जनाउँछ।

(ट) **"सार्वजनिक पूर्वाधार"** भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने पशुपन्छी तथा मत्स्य सम्बन्धी बजार पूर्वाधार,दुध संकलन केन्द्र, चिस्यान केन्द्र, बधस्थल, बधशाला लगायत अन्य सार्वजनिक प्रयोजनका पशुपन्छी तथा मत्स्य सम्बन्धी सम्वन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

(ठ) **"सामुदायिक पूर्वाधार"** भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुनेपशुपन्छी तथा मत्स्य सम्बन्धी बजार पूर्वाधार,दुध संकलन केन्द्र, चिस्यान केन्द्र, बधस्थल, बधशाला लगायत अन्य सार्वजनिक प्रयोजनका पशुपन्छी तथा मत्स्य सम्बन्धी सम्वन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

(ड) **"निजी पूर्वाधार"** भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने पशुपन्छी तथा मत्स्य सम्बन्धी बजार पूर्वाधार, दुध संकलन केन्द्र, चिस्यान केन्द्र, मासु पसल, मिट मार्ट, डेरी पसल लगायत अन्य पशुपन्छी तथा मत्स्य सम्बन्धी सम्वन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

३. उद्देश्यः यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन र प्रगति प्रेषणमा सहजीकरण गर्ने ।

(ख) सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता, पारदर्शिता र एकरुपता

(घ) पशुपन्छी तथा मत्स्य जन्य उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

## परिच्छेद २

## कार्यक्रम व्यवस्थापन

लक्षित वर्ग र क्षेत्रः (१) सम्बन्धित कार्यालयले सशर्त कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा सशर्त कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) सशर्त कार्यक्रममै स्थान तोकिएको अवस्थामा सोहि बमोजिम र स्थान नतोकिएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रको उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) सम्बन्धित कार्यालयले सशर्त कार्यक्रम सञ्चालनका लागि प्रकाशन गर्ने प्रस्ताव आव्हानको सूचनामा कार्यक्रमको लक्षित वर्ग र क्षेत्र बारे उल्लेख गर्नुपर्नेछ ।

अनुदान उपलब्ध गराउन सक्नेः (१) प्रदेश तथा स्थानीय तहहरुमा सशर्त विनियोजित बजेटबाट यस कार्यविधिको *परिच्छेद ५* मा उल्लेखित विभिन्न कार्यक्रमको उद्देश्य, प्रमुख क्रियाकलाप, न्यूनतम मापदण्ड र अन्य प्राविधिक पक्ष समेटिएका तथा स्थान विशेषको आवश्यकता बमोजिमका पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्य सञ्चालन गर्दा सम्बन्धित कार्यालयले अनुदान उपलब्ध गराउन सक्नेछ । कार्यक्रमको प्रकृति अनुसार यसरी प्रदान गरिने अनुदान नगद, वस्तुगत वा दुवै प्रकृतिको हुन सक्नेछ ।

(२) सम्बन्धित कार्यालयले प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानूनहरुको पालना गरी कार्यक्रम सञ्चालन एवम् विनियोजित सशर्त बजेटको खर्च गर्नु पर्नेछ।

६.अनुदान रकमको सीमा र प्रतिशतः (१) प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय र स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निकायबाट सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम पूर्वाधार निर्माण (सार्वजनिक पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम १००% हुनेछ।

(ख) कृषक समूह वा सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरु (सामुदायिक पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम ८५% हुनेछ।

(ग) निजी एवं व्यावसायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरु (निजी पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम ५०% हुनेछ

(घ) प्रविधि प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ ।

<u>७.निर्देशक समितिः</u> (१) प्रदेश तथा स्थानीय तहहरुमा सञ्चालन हुने सशर्त कार्यक्रम सञ्चालन प्रकृयालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

| | |
|---|---|
| (क) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी तर्फ) | संयोजक |
| (ख) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (ग) सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| (घ) सहसचिव, योजना तथा वैदेशिक सहायता समन्वय महाशाखा | सदस्य |
| (ङ) महानिर्देशक, पशु सेवा विभाग | सदस्य-सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा तीन जनासम्म विषय विज्ञ वा सरोकारवाला निकायका प्रमुख वा प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) सशर्त कार्यक्रम सञ्चालनमा प्रदेश मन्त्रालय र स्थानीयतहहरुसँग समन्वय गर्ने,

(ग) सशर्त कार्यक्रम कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने,

(घ) सशर्त कार्यक्रम सञ्चालनमा आइपरेका समस्या सम्बोधन र सहजीकरण गर्ने,

(ङ) अन्य आवश्यक कार्यहरु गर्ने/गराउने ।

८. <u>समन्वय तथा अनुगमन समितिः</u> (१) प्रदेश मन्त्रालयले सशर्त कार्यक्रम कार्यान्वयनमा सहजीकरण, समन्वय र अनुगमनका लागि समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ । तर पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रदेश तहमा कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ ।

(२) समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश तहमा क्रियाशिल संघीय निकाय, मातहत कार्यालय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ख) प्रदेश र स्थानीय तहबाट सञ्चालित सशर्त कार्यक्रमहरुको अनुगमन गर्ने,

(ग) सशर्त कार्यक्रम लागु भएका स्थानीय तह प्रदेशका निकायहरुको बर्षको कम्तिमा दुई पटक समीक्षा बैठक सञ्चालन गर्ने र यस्तो समीक्षा बैठकमा संघीय विभाग र मन्त्रालयको सहभागिता गराउनु पर्नेछ ।

(घ) सशर्त कार्यक्रम सञ्चालनमा आइपरेका समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने।

९. <u>कार्यक्रम कार्यान्वयन कार्यदलः</u> (१) स्थानीय तहले पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी सशर्त कार्यक्रम सञ्चालन गर्नका लागि कृषि क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्राबिधिक संलग्न रहने गरी एक कार्यक्रम कार्यान्वयन कार्यदल गठन गर्नेछ । तर पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय तहमा कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ ।

(२) कार्यक्रम कार्यान्वयन कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रम कार्यान्वय गरिने लक्षित वर्ग, क्षेत्र, समुदाय र अनुदानग्राही छनौटका आधारहरु निर्धारण गर्ने,

(ख) प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी उपयुक्त आवेदकको छनौट गर्ने,

(ग) छनौट भएका अनुदानग्राहीहरुलाई उपलब्ध गराइने अनुदान रकम यकिन गरी सम्झौताको लागि सिफारिस गर्ने,

(ग) सम्झौता अनुसार सम्पादित कार्यको अनुगमन गरी कार्य प्रगति सम्झौता अनुसार रहेमा अनुदान रकम भुक्तानीका लागि सिफारिस गर्ने र सम्झौता अनुसार कार्य भएको नपाईएमा वा अनुदानको दुरुपयोग भएको अवस्थामा अनुदान रोक्का वा सम्झौता रद्द गर्न सिफारिस गर्ने,

(घ) सञ्चालित सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण र समीक्षा गर्ने,

(ङ) सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रम सञ्चालनमा र आइपरेका समस्या सम्बोधनमा आवश्यक समन्वय गर्ने ।

(३) स्थानीय तहको पशु विकास हेर्ने शाखाले कार्यदलको सचिवालयको कार्य गर्नेछ ।

(४) यस कार्यविधि अनुरुप प्राप्त आवेदनहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, अनुगमन, सम्पादित कार्यको प्रमाणीकरण, भुक्तानी सिफारिस र अन्य कार्यहरुका लागि कार्यदलले आवश्यकता अनुसार कार्यसमूह गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

१०. कार्यक्रम सञ्चालन प्रक्रियाः (१) सशर्त कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यालयले बार्षिक विनियोजन अनुसारका कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसारको म्याद दिई *अनुसूची-१* बमोजिमको सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गर्नुपर्नेछ। तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने प्रकृतिका नियमित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरु सम्बन्धित कार्यालयले आवश्यक विधि निर्धारण गरी सञ्चालन गर्न सक्नेछन।

(२) यस कार्यविधिको *परिच्छेद ५* मा उल्लेखित विभिन्न कार्यक्रमसँग सम्बन्धित मापदण्ड, आधारभूत शर्त पूरा गर्ने इच्छुक आवेदकहरुले सशर्त कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न सक्नेछन्।

(३) कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरुले *अनुसूची-२* बमोजिमको संक्षिप्त कार्ययोजना, *अनुसूची-३* बमोजिमको निवेदन र *अनुसूची-४* बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी निर्धारित समयभित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

(४) सम्बन्धित कार्यालयले प्राप्त प्रस्तावहरु *अनुसूची-५* बमोजिम मूल्याङ्कन र प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम कार्यान्वयन कार्यदल समक्ष पेश गर्नेछ ।

(५) सम्बन्धित कार्यालयले प्रस्ताव छनौट पूर्व स्थलगत अनुगमन गर्नु पर्नेछ।

(६) सम्बन्धित कार्यालयले दफा ४ बमोजिम पेश गरेका प्रस्तावहरु कार्यक्रम कार्यान्वयन कार्यदलले यथास्थितिमै वा आवश्यक परिमार्जन सहित स्वीकृत गर्नेछ ।

(७) स्वीकृत प्रस्तावका आवेदकहरुसँग सम्बन्धित कार्यालयले *अनुसूची-६* बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

८) तालिम भ्रमण गोष्ठी अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढिमा ५ प्रतिसत मात्र खर्च गर्न सकिनेछ ।

११. <u>रकम भुक्तानीः</u> (१) दफा ८ बमोजिम छनौट भई द्विपक्षीय सम्झौता गरिएका अनुदानग्राहीहरुले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, पालना गर्नुपर्ने शर्तहरु, अनुदान रकम र भुक्तानी विधि उल्लेखित द्विपक्षीय सम्झौता अनुसार अनुदानग्राहीले कार्य सम्पन्न गरे पश्चात कार्यालयले प्रचलित कानुन बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

(२) नगद दिइने अनुदानको हकमा अनिवार्य रुपले अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी अनुदान रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान भुक्तानी गर्नु पर्नेछ।

(४) कार्यक्रमको प्रकृति अनुसार अनुदान बाहेकका कार्यक्रमको हकमा प्रचलित कानुन बमोजिम भुक्तानी गर्नुपर्नेछ।

१२. <u>अनुगमन र मूल्याङ्कनः</u> (१) कार्यक्रमको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित कार्यालयहरुबाट संयुक्त वा छुट्टाछुट्टै पनि हुन सक्नेछ।

(२) आवश्यकता अनुसार यस कार्यविधि बमोजिमको निर्देशक समिति, समन्वय तथा अनुगमन समिति र कार्यक्रम कार्यान्वयन कार्यदलबाट सशर्त कार्यक्रमको अनुगमन र मूल्याङ्कन हुनेछ।

(३) अनुगमनको क्रममा दिईएका मौखिक वा लिखित निर्देशनहरुको पालना गर्नु सम्बन्धित कार्यालय र अनुदानग्राहीको कर्तव्य हुनेछ।

(४) सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रमको अनुगमन र मूल्याङ्कनको आधारमा निर्देशक समितिले सालबसाली रुपमा सशर्त कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी निर्देशन दिन सक्नेछ।

## परिच्छेद ४
## विविध

१३. <u>प्रतिवेदन:</u> (१) सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कार्यालयले *अनुसूची-७* बमोजिम अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा पशु सेवा विभागमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए अनुसारका विवरण उपलब्ध गराउनु सम्बन्धित कार्यालयको जिम्मेवारी हुनेछ ।

(२) कार्यक्रमको नियमित प्रगति प्रतिवेदन पेश नगर्ने तथा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन नगर्ने प्रदेश/स्थानीय तहहरुलाई आगामी आर्थिक वर्ष सशर्त कार्यक्रममा प्राथमिकता दिइने छैन।

(३) सम्बन्धित कार्यालयले सार्वजनिक जानकारीको लागि अनुदानग्राहीहरुको विवरण नियमित अध्यावधिक गरी प्रकाशन तथा सार्वजनीकरण गर्नुपर्नेछ। साथै त्यस्तो अनुदान विवरणको अभिलेख राख्नु पर्नेछ।

१४. <u>कार्यक्रमको जानकारी दिनुपर्ने:</u> अनुदानमा सञ्चालित पूँजीगत प्रकृतिका कार्यक्रमको हकमा सम्बन्धित अनुदानग्राहीले आफूले सञ्चालन गरेको सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रम सम्बन्धी जानकारीमूलक विवरण *अनुसूची-८* बमोजिमको ढाँचामा तयार गरी कार्यक्रम स्थलमा सबैले देख्ने गरी राख्नु पर्नेछ।

१५. <u>बीमा गर्नु पर्ने:</u> (१) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्य र भौतिक पूर्वाधारहरुको बीमा गर्नु पर्नेछ ।

(२) बीमा नगरेको अवस्थामा पुग्न जाने क्षतिको लागि अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

१६. <u>असुल उपर हुने:</u> कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षवाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१७. <u>दोहोरो सुविधा लिन नपाउने:</u> (१) अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश र स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

(२) अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(३) क्षमता विस्तार गर्न वा फरक कार्य गर्ने गरी एउटै अनुदानग्राहीलाई अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

(४) विगतमा अनुदान प्राप्त गरेको अनुदानग्राही ५ वर्ष सम्म एउटै प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्न योग्य हुने छैनन् ।

१८. <u>जिम्मेवारी हुने:</u> सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली तथा सार्वजनिक खरिद ऐन र नियमावलीको पालना गरी वित्तीय अनुशासन कायम गर्ने/गराउने तथा गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

१९. <u>गुनासो व्यवस्थापन:</u> अनुदान सम्बन्धी कुनै गुनासो भएमा सम्बन्धित कार्यालयमा निवेदन दिन सकिनेछ। त्यस्तो गुनासोको व्यवस्थापन स्थानीय तहले संघीय र सम्बन्धित प्रादेशिक निकायसँगको समन्वयमा गर्न सक्नेछ।

२०. <u>व्याख्या, संशोधन र बाधा अड्काउ फुकाउ:</u> (१) यस कार्यविधिको आवश्यक व्याख्या मन्त्रालयले गर्न सक्नेछ।

(२) सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रमको कार्यान्वयनमा बाधा अड्काउ परेमा यस कार्यविधिको उद्देश्य विपरित नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन र कार्यविधि संशोधन गर्न सक्नेछ।

(३) सशर्त कार्यक्रम वीत्तीय हस्तान्तरित कार्यान्वयनका क्रममा कार्यक्रम सञ्चालन स्थल, लाभग्राही परिवर्तन लगायतका विषय सम्बन्धित स्थानीय तहको परिषद्को निर्णय सहित सिफारिस भई आएमा मन्त्रालयले औचित्यताको आधारमा आवश्यक निर्णय गर्नसक्नेछ।

परिच्छेद ५

कार्यक्रम र प्राविधिक पक्ष

(क) स्थानीय तह मार्फत सञ्चालन हुने सशर्त कार्यक्रमहरु

२१. दूध उत्पादन कार्यक्रमः (१) देशमा दूध उत्पादनमा वृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्यले दुधालु पशुपालनको सम्भावना बोकेका स्थानीय तहहरुमा दूध उत्पादन वृद्धि लक्षित देहाय बमोजिमका सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रमहरु सञ्चालन हुनेछ।

(क)चौंरी प्रवर्द्धन कार्यक्रम

(ख)डेरी प्रवर्द्धन कार्यक्रम

(ग) भैंसी प्रवर्द्धन कार्यक्रम

(घ) दूध उत्पादन प्रवर्द्धन

(ङ) सहकारी मार्फत भैंसी स्रोतकेन्द्र स्थापना

(च) गाईभैंसी प्रवर्द्धन

(छ) सहकारी संस्थामा पशु बीमा तालिम तथा भैंसी प्रवर्द्धन कार्यक्रम

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त वीत्तीय हस्तान्तरित कार्यक्रम अन्तर्गत दूध उत्पादन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ।

(३) उपदफा (१) मा उल्लेखित दूध उत्पादन सम्बन्धित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(क) गुणस्तरीय दुधालु पशु (गाई, भैसी, नाक) खरिद तथा ढुवानी

(ख) गोठ निर्माण/सुधार, भुँई सुधार तथा मलमूत्र व्यवस्थापन

(ग) खाने पानीको प्रवन्ध, ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग आदी

(घ) प्रजनन् योग्य राँगो/साँढे/याक वा कृत्रिम गर्भाधान सामग्री व्यवस्थापन

(ङ) घाँसको बीउबेर्ना खरिद, घाँस खेती, UMMB, TMR, हे र साईलेज बनाउने मेशिनरी उपकरण खरिद वा आवश्यक संरचना निर्माण

(च) थुनेलो नियन्त्रण, औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य सञ्चालन

(छ) पशु पहिचान, अभिलेखिकरण र जैविक सुरक्षा सम्वन्धी कार्यहरु

(ज) मिल्किङ् मेशिन, मिल्क एनालाइजर तथा पशुपालन सम्बन्धी यन्त्र उपकरण खरिद, जडान र उपयोगसँग सम्बन्धित कार्यहरु

(झ) स्टेनलेस स्टिलका दूध दुहुने भाँडा, मिल्क क्यान, कण्टेनर आदि व्यवस्थापन

(ञ) दूध सङ्कलन, भण्डारण, ढुवानी, प्रशोधन र उत्पादन विविधीकरण सम्बन्धी मेशिनरी, काउ म्याट, ग्रुमिङ ब्रस लगायतका उपकरण

(ट) घुम्ती गोठमा याक चौंरी पालनका लागि त्रिपाल, टेण्ट, स्लिपिङ ब्याग, म्याट, तुम्लेट, सोलार लाइट, नाइलन नेट, रेनकोट, गमबुट, टर्चलाइट, किटबक्स आदिको व्यवस्थापन

(ठ) दूध उत्पादनमा संलग्न सहकारीसंस्थाहरुमा बीमा सम्बन्धी चेतनामूलक तालिम, अन्तरक्रिया,

(ठ) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु

२२. <u>मासु उत्पादन कार्यक्रम:</u> (१) देशमा मासु उत्पादनमा वृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष हासिल गर्नका सघाउ पुऱ्याउने उद्देश्यले मासुका लागि प्रयोग हुने पशुपन्छी पालन गर्न सकिने सम्भावना बोकेका स्थानीय तहहरुमा मासु उत्पादन लक्षित देहाय बमोजिमका सशर्त कार्यक्रमहरु सञ्चालन हुनेछ।

(क) पाडा प्रवर्द्धन कार्यक्रम

(ख) बङ्गुर प्रवर्द्धन कार्यक्रम

(ग) बाख्रा प्रवर्द्धन कार्यक्रम

(घ) लागत साझेदारीमा बाख्रापालन कार्यक्रम

(ङ) पाडा हुर्काउने कार्यक्रम

(च) बफेलो/ काफ होस्टेल कार्यक्रम

(छ) बङ्गुर स्रोत केन्द्र स्थापना कार्यक्रम

(ज) कालिज प्रवर्द्धन

(झ) कुखुरा प्रवर्द्धन

(ञ) अपाङ्ग कृषक समूह लक्षित कुखुरा पालन कार्यक्रम

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम अन्तर्गत मासु उत्पादन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनुपर्नेछ।

(३) अपाङ्ग कृषक समूह लक्षित कुखुरापालन कार्यक्रमको हकमा अपाङ्गता भएका कृषक समूह हुनु पर्नेछ।

(४) उपदफा (१) मा उल्लेखित मासु उत्पादन सम्बन्धित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) बाखा, पाडा, बङ्गुर, कुखुरा, कालिज, आदि खरिद तथा ढुवानी,

(ख) गोठ/खोर निर्माण/सुधार तथा मलमूत्र निकासको प्रबन्ध,

(ग) खाने पानीको प्रबन्ध, ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग आदि,

(घ) प्रजनन् योग्य बोका, बीर, भाले वा कृत्रिम गर्भाधान व्यवस्थापन,

(ङ) घाँसको बीउबेर्ना खरिद, घाँस खेती, UMMB, TMR हे. र साईलेज बनाउने मेशिनरी उपकरण खरिद वा आवश्यक संरचना निर्माण,

(च) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य सञ्चालन,

(छ) पशु पहिचान, अभिलेखिकरण र जैविक सुरक्षा सम्बन्धी कार्यहरु.

(ज) पशुपन्छी तौलने मेशिन, डिपिङ ट्याङ्क, ड्रिङ्कर, वाटरर, ब्रुडर, जेट प्रेसर पम्प, पिग क्याचर, आदि व्यवस्थापन,

(ज) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

२३. <u>ऊन उत्पादन कार्यक्रमः</u> (१) हाल स्वदेशी ऊनजन्य उत्पादन (गलैंचा, कार्पेट, राडी, पाखी, स्वेटर र ऊनबाट बनेका अन्य सामग्री) का लागि आवश्यक पर्ने अधिकांश ऊन विदेशबाट आयात हुने गरेको स्थितिमा सुधार गरी ऊनको आन्तरिक आपूर्ति अभिवृद्धि, आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्यले ऊन उत्पादन गर्ने सम्भावना बोकेका स्थानीय तहहरुमा ऊन उत्पादन लक्षित देहाय बमोजिमका सशर्त कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(क) भेडा प्रवर्द्धन कार्यक्रम

(ख) भ्याङ्गलुङ्ग भेडा प्रवर्द्धन कार्यक्रम

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम अन्तर्गत उन मिशन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ।

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम अन्तर्गत आहारा मिशन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ।

(३) उपदफा (१) मा उल्लेखित आहारा विकाससँग सम्बन्धित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) भुईं तथा डालेघाँसका बीउबेर्ना खरिद, ढुवानी र रोपण,

(ख) भुईं तथा डालेघाँस खेती गरिएको क्षेत्रको बारबन्देज, बायो फेन्सिङ्ग र पर्खाल निर्माण,

(ग) सिंचाईका लागि आवश्यक संरचना निर्माण, पोलिथिन पाइप, पानी ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग र मोटर/जेनरेटर/सोलार आदि खरिद र जडान,

(घ) चरन विकाससँग सम्बन्धित बारबन्देज, पहुँच बाटो/गोरेटो/घोडेटो निर्माण, पुलपुलेसा र पिउने पानीको प्रबन्ध, घाँस रोपण तथा संरक्षण आदि,

(ङ) घाँस खेती, UMMB, TMR हे र साईलेज बनाउने मेशिनरी उपकरण, प्याकेजिङ् सामग्री, चाफ कटर र ढुवानी साधन खरिद,

(च) साइलो पिट, हे ड्रायर, हे बार्न, बेलिङ् मेशिन, प्लास्टिक न्यापर र आवश्यक संरचना निर्माण,

(छ) पोलिहाउस, ग्रीनहाउस, हाइटेक नर्सरी र पोलिप्याक आदीको व्यवस्थापन,

(ज) मकै, नेपियर, टियोसेन्टी जस्ता साइलेज बनाउन उपयुक्त घाँसको कन्ट्र्याक्ट फार्मिङ्ग,

(झ) माछाको दाना उद्योग स्थापना गरी सञ्चालन गर्न सहकारीसँग सहकार्यमा भौतिक पूर्वाधार निर्माण, दाना उत्पादन प्याकेजिंग तथा लेवलिंगसँग सम्बन्धित उपकरण व्यवस्थापन,

(ञ) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

२५. <u>दुग्ध प्रशोधन तथा विविधीकरण कार्यक्रमः</u> (१) कच्चा दूधको प्रशोधन र विविधीकरण मार्फत स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय दूध तथा दुग्धजन्य पदार्थको उत्पादन र उपभोग प्रवर्द्धन गर्न तथा दूध उत्पादनमा देखिने मौसमी उतार चढावका कारण यदाकदा दुग्ध उत्पादक कृषकहरुले भोग्नु पर्ने दूध बिदाको कारण हुनसक्ने क्षति न्यूनीकरण गर्ने उद्देश्यले भौगोलिक एवं वातावरणीय दृष्टिकोणबाट दूध प्रशोधन तथा विविधीकरणको सम्भावना भएका स्थानीय तहहरुमा देहाय बमोजिमका सशर्त कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(क) दूध प्रशोधन कार्यक्रम

(ख) पेंडा प्रवर्द्धन कार्यक्रम

(ग) खुवा प्रवर्द्धन कार्यक्रम

(घ) छुर्पी प्रवर्द्धन कार्यक्रम

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम अन्तर्गत दूध प्रशोधन तथा विविधिकरण कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ ।

(३) उपदफा (१) मा उल्लेखित दूध प्रशोधन तथा विविधिकरण सम्बन्धी सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(क) प्रशोधित दूध, पेंडा, खुवा, छुर्पी आदि उत्पादन, भण्डारण र बिक्री वितरणका लागि आवश्यक भौतिक संरचना निर्माण, टायल/मार्वल फिटिङ्, ढल निकास र सरसफाई व्यवस्थापन

(ख) स्टेनलेस स्टिल क्यान, कण्टेनर, फ्रिज, डिपफ्रिज, भेण्डिङ् मेशिन, मिल्क एनालाइजर, वेइङ् मेशिन, कोल्ड रुम तथा अन्य उपकरण व्यवस्थापन

(ग) मिल्क पाश्चुराइजर, खुवा मेकर, छुर्पी प्रेशर, चिलिङ् भ्याट, मिनी प्रयोगशाला, भ्याकुम प्याकार, प्याकेजिङ् मेशिन तथा खुवा, पेंडा, छुर्पी बनाउनका लागि आवश्यक भाँडा वर्तन र यन्त्र उपकरण व्यवस्थापन

(घ) खानेपानीको प्रबन्ध, पानी ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग तथा मोटर/जेनरेटर/सोलार आदि व्यवस्थापन

(ङ) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

२६. <u>बजार प्रवर्द्धन कार्यक्रमः</u> (१) पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरण मार्फत पशुपालन क्षेत्रको व्यावसायिक रुपान्तरण एवं दीगोपन सुनिश्चित गर्ने उद्देश्यले बजार प्रवर्द्धन लक्षित देहाय बमोजिमका सशर्त कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(क) पशु वधशाला स्थापना

(ख) पशु हाटबजार स्थापना

(ग) मिटमार्ट स्थापना

(घ) साझेदारीमा मासु चिस्यान केन्द्र निर्माण

(ङ) पशु सङ्कलन केन्द्र स्थापना

(च) मासु पसल सुधार कार्यक्रम

(छ) चिलिङ् सेन्टर स्थापना

(ज) दुग्ध सङ्कलन केन्द्र निर्माण

(झ) बाखा ढुवानी गर्ने चारपाङ्ग्रे सवारी साधन

(ञ) बङ्गुरको मासु ढुवानीका लागि फ्रोजन भ्यान सपोर्ट कार्यक्रम

(ट) ३०० लिटर क्षमताको चिलिङ् भ्याट जडित दूध ढुवानी साधन

(ठ) पशु वधशाला तथा मासु जाँच कार्यान्वयन सहजीकरण कार्यक्रम

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम अन्तर्गत बजार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ ।

(३) उपदफा (१) मा उल्लेखित बजार प्रवर्द्धन सम्बन्धित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(क) कार्यक्रमको प्रकृति अनुसार आवश्यक भौतिक संरचना निर्माण/ स्तरोन्नती, बारबन्देज, टायल/मार्वल फिटिङ्ग, ढल निकास, जैविक सुरक्षा र सरसफाई व्यवस्थापन

(ख) कार्यक्रमको प्रकृति अनुसार आवश्यक मेशिनरी, औजार, यन्त्र, उपकरण, विशेष प्रकारका तोकिए बमोजिमको ढुवानी साधन आदि व्यवस्थापन

(ग) कार्यक्रमको प्रकृति अनुरुपका बिक्रिकक्ष, आउटलेट, भेण्डिङ् मेशिन, कण्टेनर, फ्रिजर, डिपफ्रिज, कोल्ड रुम, ब्लास्टिङ् रुम, मिनी प्रयोगशाला, भ्याकुम प्याकर, स्टेनलेस स्टिल टेबल र मिट कटर, चपिङ्ग बोर्ड, ईलेक्ट्रिक वेयिङ्ग मेसिन, प्याकेजिङ् मेशीन तथा अन्य यन्त्र उपकरण

(घ) कार्यक्रमको प्रकृति अनुरुपका पशु, दूध र मासुका ढुवानी र भण्डारण साधन

(ङ) पशु वधशालाको हकमा पशु सेवा विभागले तोकेको मापदण्ड तथा निर्देशिका अनुसारका संरचना तथा पूर्वाधार निर्माण, सुधार,

(च) पशु वधशाला तथा मासु जाँच कार्यान्वयन सहजिकरण कार्यक्रमको हकमा विभिन्न सरोकारवालासँग अन्तरक्रिया, समन्वय बैठक, सुचनामूलक सन्देश प्रकाशन, प्रसारण,

(छ) वधशाला, वधस्थल तथा मासु पसलको ईन्भेन्ट्री तयार गर्ने, वधस्थल/मासु पसल संचालकको दर्ता तथा नवीकरण,

(ज) मासु पसल नियमित अनुगमन गर्ने, वध गर्ने पशुको एन्टिमोर्टम तथा पोष्टमोर्टम परीक्षण, मासुमा छाप लगाउने,

(झ) मासु जाँच तथा मासु पसलको सरसफाईको नियमित अनुगमन निरीक्षण गर्ने,

(ञ) मासु जाँचको लागि आवश्यक औजार, एप्रोन, गमबुट, ग्लोभ लागयतका सामाग्री व्यवस्थापन,

(ट) पशु हाट बजार अनुगमन निरीक्षण निःसंक्रमण,

(ठ) हाट बजार तथा सङ्कलन केन्द्र लक्षित संरचना र खानेपानीको प्रबन्ध, पानी ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग तथा मोटर/जेनरेटर/सोलार, पशु तौलने मेशिन आदि व्यवस्थापन,

(ड) चिलिङ् भ्याट, मिल्क एनालाइजर, स्टेनलेस स्टील क्यान, चिलिङ् भ्याट जडित दूध ढुवानी साधन आदि,

(ढ) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

(४) उपदफा (१) बमोजिमका बजार प्रवर्द्धन सम्वन्धी सशर्त कार्यक्रम सञ्चालन गर्दा अवलम्बन गर्नु पर्ने प्राविधिक पक्षहरु र मापदण्डका लागि पशु सेवा विभागबाट विगतमा जारी भएका कार्यविधिहरु अनुसरण गर्न सकिनेछ ।

२७. <u>मासु आत्मनिर्भरताका लागि बाख्रा प्रवर्द्धन तथा बजारीकरण कार्यक्रमः</u> (१) नेपालमा व्यावसायिक बाख्रापालन तर्फ कृषकहरुको बढ्दो आकर्षणका साथै पिछडिएका वर्ग, महिला तथा विपन्न वर्गको आयआर्जन, रोजगारी सिर्जना र गरिवी न्यूनीकरणका लागि बाख्रा प्रवर्द्धन कार्यक्रमहरु सञ्चालित छन्। हाल उच्च उत्पादन क्षमता भएका बाख्राहरुको अभाव तथा शहरी क्षेत्रलाई लक्षित गरी पर्याप्त सँख्यामा खसीबोकाहरु उपलब्ध हुन नसकिरहेको सन्दर्भमा बाख्रापालनको व्यावसायिक रुपान्तरण गर्ने उद्देश्य अनुरुप बाख्रापालन र बजारीकरणको सम्भावना भएका स्थानीय तहहरुमा सशर्त कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(२) विगतमा खसीबोकामा आत्मनिर्भर कार्यक्रम सञ्चालनका लागि गठित समूह र समिति भएका स्थानीय तहहरुले सोही समूह र समिति मार्फत कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम समूह र समिति गठन नभएकाको हकमा सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्यक्रम सञ्चालन गर्दा बाख्रापालक १० घरधुरीको एक समूह र १० समूहको एक समिति (प्रत्येक समूहको १ जना सदस्य रहने गरी) तथा दूई समितिको एक मूल समिति गठन गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम समूह गठन गर्दा प्रत्येक समूहमा ५० वटा माउ बाख्रा व्यवस्थापन गर्नु पर्नेछ ।

(६) समूहमा आवद्ध भएका बाहेक व्यावसायिक तवरले बाख्रापालन गर्न ईच्छुक कृषकहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएमा प्रति व्यावसायिक फार्म २० वटा प्रजनन् योग्य माउ बाख्रा पालिरहेको तथा घाँस खेतीका लागि आफ्नै वा लिजमा पर्याप्त जग्गा भएको फार्म छनौट गर्न सकिनेछ ।

(७) यस दफा बमोजिम समूहहरुमा आत्मनिर्भरताका लागि बाख्रा प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम सम्वन्धित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(क) वातावरणीय दृष्टिकोणले उपयुक्त जातको ब्याड बोका व्यवस्थापन

(ख) गोठ/खोर निर्माण/सुधार तथा मलमूत्र व्यवस्थापन

(ग) खाने पानीको प्रबन्ध, ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग आदी

(घ) घाँसको बीउबेर्ना खरिद, घाँस खेती, UMMB, TMR, हे र साईलेज बनाउने मेशिनरी उपकरण खरिद वा आवश्यक संरचना निर्माण

(ङ) बाख्रा सङ्कलन केन्द्र, बाख्रा ढुवानी साधन खरिद र रिमोडलिङ्ग, पूर्वाधार विकाससँग सम्बन्धित निर्माण, उपकरण र मेशिनरी जडान आदी

(च) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य सञ्चालन

(छ) पशु पहिचान, अभिलेखिकरण र जैविक सुरक्षा सम्बन्धी कार्यहरु

(ज) पशुपन्छी तौलने मेशिन, डिपिङ ट्याङ्क व्यवस्थापन

(झ) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु

(८) विगतमा खसीबोकामा आत्मनिर्भर कार्यक्रम सञ्चालनका लागि कार्यरत सामाजिक परिचालकहरुलाई सशर्तः बजेट अन्तर्गत आत्मनिर्भरताका लागि बाख्रा प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहहरुले निरन्तरता दिन सक्नेछन् ।

२८. <u>कृत्रिम गर्भाधान मिशन कार्यक्रम:</u> (१) पशु नश्ल सुधारका माध्यमवाट उत्पादन र उत्पादकत्व वृद्धि गरी दूध र मासुमा आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सघाउ पुर्‍याउने उद्देश्य अनुरुप कृत्रिम गर्भाधान मिशन कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलवाट अनुमोदन गराउनु पर्नेछ।

(३) कृत्रिम गर्भाधान मिशन कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक फ्रोजन सिमेन र तरल नाइट्रोजन खरिद, ढुवानी र वितरण

(ख) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि लजिस्टिक (नाइट्रोजन कण्टेनर, रेफ्री, ग्लोब, सिथ, थईङ्ग किट, एप्रोन, गमबुट, ए.आई. गन आदि) व्यवस्थापन

(ग) कार्यक्रमको प्रकृति अनुसारका आवश्यक मेशिनरी, औजार, यन्त्र, उपकरण आदि खरिद र जडान

(घ) हिट सिन्क्रोनाईजेशन विधि अवलम्बन र आवश्यक सामाग्री व्यवस्थापन

(ङ) बाँझोपन निवारण शिविर सञ्चालन

(च) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

२९. <u>गौशाला पूर्वाधार सुदृढीकरण तथा सामुदायिक पशु व्यवस्थापन</u>: छाडा तथा सामुदायिक पशु व्यवस्थापन गरी पशु कल्याण सुनिश्चितता कायम गर्ने उद्देश्य अनुसार देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) गौशाला तथा काञ्जी हाउसको लागि भौतिक पूर्वाधार निर्माण, बारबन्देज तथा आवश्यक उपकरण तथा सामाग्री व्यवस्थापन

(ख) पशु बस्तुको आहाराको लागि घाँस लगाउने, मिनरल, पराल दाना लगायतका आहारा व्यवस्थापन

(ग) औषधी उपचार, खोप तथा रोग नियन्त्रण

(घ) मलमुत्र व्यवस्थापन, गोबर ग्यास प्लाण्ट निर्माण, कम्पोष्ट पिट निर्माण

(ङ) गौशालामा आएका पशु पहिचान तथा अभिलेखीकरण

(च) गौशालामा व्यवस्थापन गरिएका गाईलाई आवश्यकता अनुसार विशेष उपचार गरी प्रजननयोग्य बनाई समुदायमा पालनको लागि वितरण गर्ने

(छ) प्रदेश सरकारको जिल्लास्थित पशु सेवाको निकायले सिफारिश गरेका अन्य कार्यहरु ।

३०. <u>Recirculating Aquaculture System (RAS) प्रविधिबाट व्यावसायिक मत्स्य प्रवर्द्धन कार्यक्रमः</u>(१) आधुनिक प्रविधि प्रयोग गरी अति सघन मत्स्यपालन गर्दै मत्स्यपालन व्यावसायको रुपान्तरण एवम् व्यावसायीकरण गर्ने उद्देश्य अनुसार विश्वमा प्रचलनमा आएको **RAS** प्रविधिको प्रयोग गरी व्यावसायिक मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) नेपालमा पालनका लागि अनुमति प्राप्त माछाको प्रजातिहरु पालन गर्नु पर्नेछ ।

(३) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम लक्षित वर्ग र क्षेत्रको पहिचान गरी कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ।

(४) उपदफा (१) मा उल्लेखित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(क) RAS प्रविधिका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण

- ट्राइपोलिन तथा फलामद्वारा निर्मित गोलाकार ट्याङ्क/सिमेन्टेड पोखरी निर्माण
- मेकानिकल फिल्टर, बायो फिल्टर, डीग्यासर वा त्रिकलिङ्ग फिल्टर व्यवस्थापनका लागि संरचना निर्माण
- अक्सिजन इन्रिचमेन्ट युनिट निर्माण
- प्रत्येक पोखरी वा ट्याङ्कको इन्लेट आउटलेट र सङ्कलन चेम्बर निर्माण
- पानीको स्रोत व्यवस्थापन शुद्धिकरणका लागि संरचना
- मिनी प्रयोगशाला सम्बन्धित संरचना

(ख) RAS प्रविधिका लागि आवश्यक मेशिनरी उपकरण व्यवस्थापन

- मेकानिकल फिल्टर, बायो फिल्टर तथा डीग्यासर वा त्रिकलिङ्ग फिल्टर
- प्लम्बिङ्ग, पाइप फिटिङ्ग तथा मोटर/जेनरेटर/सोलार आदि व्यवस्थापन
- अक्सिजन इनरीचमेन्ट तथा UV डिसइन्फेक्सन उपकरण
- स्व-सञ्चालित (Automated) पानीको गुणस्तर व्यवस्थापन, प्यानल बोर्ड उपकरण
- तापक्रम अनुकुलन उपकरण
- आधारभुत रोग तथा पानी गुणस्तर मापनका उपकरण

(ग) माछा बिक्रि कक्ष, आउटलेट, फ्रिज, डिप-फ्रिज, फ्रिजर, प्याकेजिङ्ग मेशिन तथा अन्य यन्त्र उपकरण व्यवस्थापन ।

(घ) पशु सेवा विभाग मातहतको केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु र प्रदेशको मत्स्यसँग सम्बन्धित निकायसँग समन्वयमा आवश्यकता र उपयुक्त देखिएका अन्य क्रियाकलापहरु ।

३१. <u>मत्स्य मिसन कार्यक्रम</u>:(१) माछा उत्पादनको हालको अवस्थामा उल्लेख्य बृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न सघाउ पुर्याउने उद्देश्यले मत्स्यपालनको सम्भावना भएका स्थानीय तहहरुमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम अन्तर्गत मत्स्य मिसन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ ।

(३) उपदफा (१) मा उल्लेखित मत्स्य मिसन सम्बन्धित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(क) नयाँ पोखरी निर्माण, पोखरीको डिल तथा जलाशय व्यवस्थापन, स्यालो बोरिङ्ग जडान

(ख) तराइ क्षेत्रमा पौराणिककालमा निर्मित पोखरी, सामुदायिक, विद्यालय अन्तर्गत पोखरी, अन्य पुराना पोखरी तथा घोलतालको भत्केको डिल मर्मत, इन्लेट आउटलेट मर्मत, मंक संरचना मर्मत, ड्याम मर्मत

(ग) माछाको ह्याचरी सम्बन्धित संरचनाहरु इन्कुबेसन ट्यांक, स्पनिंग ट्यांक, रिजर्भोयर ट्यांक, पाइप फिटिंङ्ग, माउ पोखरी, नर्सरी ट्यांक, होल्डिङ्ग ट्यांक निर्माण तथा व्यवस्थापन, अण्डा कलेक्सन चेम्वर, उपकरण जडान

(घ) दाना उत्पादन

(ङ) प्राकृतिक जलाशयमा माछापालन क्षेत्र पहिचान, केजमा माछापालन, इनक्लोजरमा माछापालन, केजमा नर्सरी व्यवस्थापन, केज तथा इनक्लोजरको लागि जाल खरिद,

(च) रेन्बो ट्राउट पालनका लागि पानीको मूल सुधार, रेसवे निर्माण, भुरा उत्पादनका लागि ह्याचरी संरचना निर्माण, एटकिन व्यवस्थापन तथा जडान, पाईप फिटिङ्ग, नर्सरी पोखरी निर्माण, दाना भण्डारण घर निर्माण

(छ) मत्स्य विशेष परिकार रेस्टुरेन्ट तथा फिस क्याफे सञ्चालन

(ज) माछापालनमा भौतिक संरचना निर्माण, यान्त्रिकीकरण, एरियेटर वितरण, सब्मर्सिबल पम्प वितरण, स्यालो बोरिङ्ग जडान,

(झ) छडी माछा उत्पादन

(ञ) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु

३२. पशुपन्छी रोग अन्वेषण, नियन्त्रण तथा नियमन सम्बन्धी कार्यक्रमहरुः पशुपन्छीमा देखा पर्ने विभिन्न रोग तथा स्वास्थ्य चुनौतीहरुको व्यवस्थापन गर्दै पशुजन्य पदार्थको गुणस्तर सुनिश्चितता गर्न र निर्यात प्रवर्द्धनलाई सघाउ पुऱ्याउने उद्देश्यले पशुपन्छी रोग अन्वेषण, नियन्त्रण तथा नियमन सम्बन्धी देहाय बमोजिमका सशर्त कार्यक्रमहरु सञ्चालन हुनेछ।

(क) इपिडेमियोलोजिकल रिपोर्टिङः

(अ) पशुपन्छीमा देखापर्ने विभिन्न रोगहरुको आउटब्रेक अन्वेषण तथा रिपोर्टिङ्गलाई रियल टाईममा आधारित बनाई समन्वयात्मक रुपमा तत्काल रोग नियन्त्रणका लागि यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(आ) सम्बन्धित स्थानीय तहले *अनुसूची-९* बमोजिम तत्काल वा मासिक रुपमा इपिडेमियोलोजिकल रिपोर्टिङ गर्नु पर्नेछ।

(इ) इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा तयारीको लागि देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

- इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा विश्लेषणका लागि स्टेशनरी सामग्री व्यवस्थापन
- इपिडेमियोलोजिकल सूचना सङ्कलनका लागि सवारी साधनको इन्धन व्यवस्थापन
- इपिडेमियोलोजिकल सूचना प्रेपणका लागि हुलाक खर्च
- प्रदेशको जिल्लास्थित कार्यालय समेतको सहभागितामा स्थानीय तहका सरकारी तथा निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्यकर्मीसँग त्रैमासिक बैठक।

(ख) पशुपन्छी रोग अन्वेषण, नमूना सङ्कलन तथा प्रेषणः

(अ) पशुपन्छी तथा माछाका रोगहरुको पहिचान प्रयोगशाला परिक्षणबाट गरी सहि उपचार तथा रोकथाम गर्ने उद्देश्य अनुसार रोग अन्वेषण, नमूना सङ्कलन तथा प्रेषण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(आ) नमूना सङ्कलन गर्दा केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाले प्रकाशन गरेको भेटेरिनरी प्रयोगशाला प्रविधि पुस्तिका (*www.cvl.gov.np* मा उपलब्ध रहेको) मा उल्लेख भए अनुसार रोग विशेषका लागि तोकिए अनुसारको उपयुक्त नमूनाा सङ्कलन गर्नु पर्नेछ ।

(इ) बुदा (आ) बमोजिम सङ्कलन गरेको नमूना तोकिए अनुसार भण्डारण गरी तोकिए अनुसारका फर्मेट भरी नमूना साथ संलग्न राखी परिक्षणको लागि नजिकको पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाउनु पर्नेछ ।

(ई) पशु सेवा विभागले स्वीकृत गरेको सर्भिलेन्स कार्य-योजना अनुसार तोकिएका रोग विशेषका लागि तोकिएका नमूनाा सङ्कलन गरी तोकिएका प्रयोगशालामा अनिवार्य रुपमा पठाउनु पर्नेछ।

(उ) पशुपन्छी रोग अन्वेषण, नमूना सङ्कलन तथा प्रेषण कार्यक्रम अन्तरगत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

- नमूना सङ्कलन गर्न आवश्यक पर्ने सामग्री व्यवस्थापन
- नमूना सङ्कलन गर्ने प्राविधिकको सुरक्षाका लागि चाहिने ग्लोव्स, मास्क, एप्रोन, फेस सिल्ड लगायतका सुरक्षाका सामान व्यवस्थापन
- नमूना ढुवानी गर्न आवश्यक पर्ने कुलबक्स, आईस प्याक लगायतका सामग्री व्यवस्थापन
- नमूना सङ्कलन गर्दा प्रयोग गर्ने निःसंक्रमण गर्ने केमिकल लगायतमा सामग्री व्यवस्थापन
- नमूनाको ढुवानी खर्च
- प्राथमिक उपचारका सामाग्री, औषधी आदि व्यवस्थापन
- स्थलगत अनुगमन (रोग फैलिएको क्षेत्रको इपिडेमियोलोजोकल रिपोर्ट, रोगी पशुको विवरण लगायतका विवरण सहितको प्रतिवेदन तयारी) ।

(ग) रेबिज नियन्त्रण कार्यक्रमः

(अ) संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि सङ्गठन (FAO), विश्व स्वास्थ्य सङ्गठन (WHO), विश्व पशु स्वास्थ्य सङ्गठन (WOAH) र रेबिज नियन्त्रणका लागि विश्वव्यापी गठबन्धन (GARC) ले विश्वव्यापी रुपमा कुकुरको टोकाइबाट सर्ने रेबिजबाट हुने मानव मृत्युलाई सन् २०३० भित्र शून्यमा झार्ने लक्ष्य लिएकोमा नेपालमा समेत यो लक्ष्य प्राप्त गरी मानव जीवन रक्षा गर्ने उद्देश्य अनुरुप रेबिज नियन्त्रण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(आ) बुदाँ (अ) बमोजिम रेबिज नियन्त्रण कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

- स्थानीय तहमा गैर-सरकारी क्षेत्रमा रेबिज नियन्त्रणमा कार्यरत संघ-संस्थाको अभिलेखीकरण
- सामुदायिक तथा छाडा कुकुर गणना गरी म्यापिङ्ग गर्ने
- घरपालुवा कुकुरको दर्ता अभिलेखीकरण गरी सम्बन्धित धनीलाई दर्ता प्रमाण-पत्र दिने
- सामुदायिक तथा छाडा कुकुरमा रेबिज खोप कार्य सञ्चालन गर्ने
- सामुदायिक तथा छाडा कुकुरको संख्या नियन्त्रण गर्न बन्ध्याकरण शिविर सञ्चालन गर्ने
- स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा कार्यरत सरोकारवालासँग रेबिज नियन्त्रणको लागि अन्तरक्रिया गर्ने
- रेबिज रोग नियन्त्रण सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने
- रेबिज रोग सर्भिलेन्स, नमूना प्रेषण तथा रिपोर्टिङ गर्ने
- रेबिज रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रकाशन, प्रसारण तथा सञ्चालन गर्ने

पुनश्चः रेबिज बिरूद्धको खोप कार्यका लागि खोप कार्ययोजना तयार गरी रेबिज रोगको जोखिम क्षेत्र पहिचान गरी उक्त स्थानमा रहेको कुकुर सङ्ख्या यकिन गर्नुपर्ने।

३३. पशु सेवा विभाग र प्रादेशिक निकायमा पशुपन्छी तथा मत्स्यको तथ्याङ्क रिपोर्टिङ्ग:
